# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## सूर्मा गाउँपालिका


### बझाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## सूर्मा गाउँपालिका
### बझाङ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## सूर्मा गाउँपालिका

बझाङ


**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, सुदूरपश्चिम प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ५५६

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सूर्मा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले सूर्मा गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.२ करोड ६४ लाख ३६ हजार बेरुजू देखिएको छ। सो सम्वन्धमा प्रतिक्रिया उपलव्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १० लाख ६६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ३५ लाख १ हजार, नियमित गर्नुपर्ने रु १ करोड १८ लाख ६८ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ३ करोड ८७ लाख १६ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ५ करोड ९७ लाख ७२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## सूर्मा गाउँपालिका, बझाङ

### १. चालु वर्षको बेरुजू २०७८।७९

### १.१. बेरुजू बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजू | | | बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५० | ९० | २६४३६ | ० | ० | ० | ५० | ९० | २६४३६ | १०६६ | ११८६८ | १३५०१ | ० | ० | २५३६९ | ० |

### २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| स्थानीय तह र जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजू | यो वर्षको बेरुजू | कुल बेरुजू बाँकी |
|---|---|---|---|---|---|---|---|
| **सूर्मा गाउँपालिका, बझाङ** | ३८७१६ | ० | ५३८० | ३३३३६ | ० | २६४३६ | ५९७७२ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : सुर्मा गाउँपालिका, बझाङ , सुर्मा गाउँपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | चक्र प्रसाद जोशी | २०७८-१-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राजेन्द्र बहादुर खत्री | २०७७-४-१ | २०७८-१२-३० |
| लेखा प्रमुख | नारायण प्रसाद पाध्या | २०७९-१-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २६,४३५,६५० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,२२,२२,३९५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २०,०८,३७,००० | **चालु खर्च** | १४,३८,५४,८५८ |
| **प्रदेश सरकारबाट अनुदान** | १,९५,२३,००० | **पूँजीगत खर्च** | ११,७१,६३,६३२ |
| **राजश्व बाँडफाँट** | ५,१०,७०,३७७ | **वित्तीय/अन्य व्यवस्था** | ५,६९,५८,७६७ |
| **आन्तरिक आय** | ५,५८,४५६ | | |
| **अन्य आय** | ३,५९,४५,८५० | | |
| **कुल आय** | ३०,७९,३४,६८३ | **कुल खर्च** | ३१,७९,७७,२५७ |
| **बाँकी मौज्दात** | | २,२१,७९,८२१ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यसपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, २८१ वर्ग किलोमिटर क्षेत्रफल तथा करिव ११ हजार जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली - दैनिक भ्रमण भत्ता भुक्तानी भएको अवधिमा स्थानिय भत्ता भुक्तानी भएको रु ९११४१ असुल गरी राष्ट्रिय वाणिज्य वैंक वझाङ्गमा राजस्व खाता नं १५१११ मा दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>वित्तीय विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS basedढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आय व्यय विवरण<br><br>सुर्मा गाउँपालिका<br>आ.व २०७८/०७९
<table>
<tr><td rowspan="2">सि.नं</td><td colspan="3">आयतर्फ</td><td>सिनं</td><td colspan="3">व्ययतर्फ</td></tr>
<tr><td>विवरण</td><td>रकम</td><td>रकम</td><td></td><td>विवरण</td><td>रकम</td><td>रकम</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | | ३२२२२३९५ | १ | चालु खर्च | १४३८५४८५८ | १४३८५४८५८ |
| | क) धरौटी गत बर्षको | १७३३७६५ | | २ | पूँजीगत खर्च | ११७१६३६३२ | ११७१६३६३२ |
| | ख _गत बर्षको मौज्दात | १८६९११८० | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | ग कोष खाता | ११७९७४५० | | | क) ऋण भुक्तानी | | |
| | प्रकोप व्यवस्थापन कोष खाता | २५१८४२५ | | | ख) ब्याज भुक्तानी | | |
| | विविध कोष | ९२७९०२५ | | | ग) अन्य भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | ५१६२८८३३ | | लगानी | | |
| | क) आन्तरिक राजस्व | ५५८४५६ | | | ऋण लगानी | | |
| | ख) राजस्व बाँडफाँड | ५०३६६३७७ | | | शेयर लगानी | | |
| | ग) प्रदेश राजश्व | ७०४००० | | | अन्य लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | २००८३७००० | ४ | धरौटी फिर्ता | ८२२९२० | ८२२९२० |
| | क) वित्तिय समानीकरण अनुदान | ७४७००००० | | | जनश्रमदान फिर्ता | | |
| | ख) सशर्त अनुदान | १२६१३७००० | | | कोष फिर्ता | | |
| | ग) समपूरक अनुदान | ० | | ५ | मौज्दात | | २२१७९८२१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) विशेष अनुदान | ० | | | क) बैंक मौज्दात | १५७६२६९० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १९५२३००० | | ख)धरौटी मौज्दात | २११५२५२ | |
| | क) वित्तिय समानीकरण अनुदान | ५११६००० | | | ग. कर्मचारी कल्याण कोष | | |
| | ख) सशर्त अनुदान | ७०२१००० | | | घ लैगिक हिंसा निवारण कोष | | |
| | ग) समपुरक अनुदान | २३८६००० | | | ङ विविध खर्च खाता मौज्दात | २६७८८६७ | |
| | घ) विशेष अनुदान | ५०००००० | | | च प्रकोप व्यवस्थापन कोष मौज्दात | १६२३०१२ | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | ६ | शशर्त अनुदान फिर्ता | १३८९८८२१ | १३८९८८२१ |
| ६ | अन्य | | | ७ | प्रकोप व्यवस्थापन कोष खाता | ८९५४२५ | ८९५४२५ |
| | | | | ८ | विविध खर्च खाता | ७१०५६९५ | ७१०५६९५ |
| | क प्रकोप व्यवस्थापन कोष खाता | | | | | | |
| | ख विविध खर्च खाता | ५०५५३८ | ५०५५३८ | | | | |
| ९ | लैङ्गिक हिसा निवारण कोष | | | | भवन पूर्वाधार बिकास कार्यक्रम | | |
| १० | धरौटी आय यस आ.व.को | १२०४४०७ | १२०४४०७ | | सामाजिक सुरक्षा | ३३७७२०५६ | ३३७७२०५६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | लगानीको साँवा फिर्ता | | | | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | | |
| १२ | भवन पूर्वाधार बिकास कार्यक्रम | | | | स्थानीय पूर्वाधार बिकास साझेदारी कार्यक्रम | | |
| १३ | सामाजिक सुरक्षा | ३३७७२०५६ | ३३७७२०५६ | १० | गरिव संग विश्वशेर कार्यक्रम | ४६३८५० | ४६३८५० |
| १४ | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | | | | | | |
| १५ | गरिव संग विश्वशेर कार्यक्रम | ४६३८५० | ४६३८५० | | | | |
| जम्मा | | ३४०१५७०७८ | ३४०१५७०७८ | | जम्मा | ३४०१५७०७८ | ३४०१५७०७८ |

५ **घटी जिम्मेवारी** - स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ३२२३०८८८।३६ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु३२२२२३९५।०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको विविध कोषको रु ८४९३।२५ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु ८,४९३

६ **बैक हिसाव मिलान** - स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको बैंक हिसाब मिलान विवरण तयार गर्न वाँकि जनाएको छ । श्रेस्ता भन्दा वैकमा वढी देखाएको रु२२७४०६१।०० को हिसाव मिलान विवरण तयार गर्नुपर्दछ ।

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| सञ्चित कोष | | | |
| चालु खाता | १४९००२९१ | १५१२२३९५ | २२२१०४ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पूँजीगत खाता</td><td>२५६९४०६</td><td>४५५२४०६</td><td>१९८३०००</td></tr>
<tr><td>विविध खर्च खाता-यूनिसेफ</td><td>२६०९९१०</td><td>२६७८८६७</td><td>६८९५७</td></tr>
<tr><td>कल्याण कोष खाता</td><td>0</td><td>0</td><td>०</td></tr>
<tr><td>प्रकोप व्य कोष खाता</td><td>१६२३०१२</td><td>१६२३०१२</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>२१७०२६१९</td><td>२३९७६६८०</td><td>२२७४०६१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता</td><td></td></tr>
<tr><td>७.१</td><td></td><td></td><td>प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७७ को दफा ६ अनुसार समपुरक अनुदानवाट सञ्चालन हुने योजनामा कुल लागतको अधिकतम ५० प्रतिशत समपुरक अनुदान प्रदान गर्ने उल्लेख छ । पालिकाले यो वर्ष प्रदेश सरकारबाट ५०/५० को मिश्रित अनुपातमा कार्यान्वयन हुने गरि निम्नानुसारमा अनुदानको रुपमा प्राप्त भई खर्च भएको छ । समपुरक अन्तर्गत प्रदेश सरकारको अंश समावेश भएको योजनामा पालिकावाट अंश नवेहोरेकोले सो रकमको समायोजन पेश गर्नुपर्ने अन्यथा सो रकमको ५० प्रतिशतले हुने अंश रू१०५८७०२।५० कटाई बाकी रकम प्रदेश संचित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>५० प्रतिशतले हुने रकम</th></tr>
<tr><td>प्रदेश सरकार</td><td>समपुरक</td><td>२३८६०००</td><td>२११७४०५</td><td>१०५८७०२।५</td></tr>
</table>
</td><td>१,०५८,७०२</td></tr>
<tr><td>७.२</td><td></td><td></td><td>विशेष अनुदान सम्वन्धी कार्यविधि २०७५ को बुँदा न ११ मा विशेष अनुदानबाट सञ्चालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुनेगरि सँञ्चालन भए नभएको सम्वन्धमा स्थानिय तहले अनुगमन गर्नुपर्ने र सोको अनुगमन प्रतिवेदन चौमासिक रुपमा प्रगति प्रतिवेदन मन्त्रालय र जिल्ला समन्वय समिती समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ।त्यसै गरि समपुरक अनुदानबाट सञ्चालित योजनाहरुको अनुगमन समितीले प्रतिवेदन तयार गरी सम्वन्धित प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने व्यवसथा रहेको छ । कार्यालयले यस्तो प्रतिवेदन तयार पारी सम्वन्धित कहाँ पेश गरेको देखिएन।</td><td></td></tr>
<tr><td>७.३</td><td></td><td></td><td>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ८ | | | **कानून निर्माण एवं कार्यान्वयन** | |
| ८.१ | | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि स्वीकृत गराएर कार्य गर्नु पर्दछ । | |
| ८.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएको मा यस पालिकाले हालसम्म ४ वटा ऐन, ० नियमावली, १२ वटा कार्यविधि लगायत १६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ९ | | | **आन्तरिक लेखापरीक्षण** - प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएबमोजिम आन्तरिक लेखापरीक्षण शाखा गठन गरेतापनि पालिकाले नियमित रुपमा आन्तरिक लेखापरीक्षण नगराई आर्थिक वर्षको अन्तमा मात्र आन्तरीक लेखापरीक्षण गराएको छ । समयमा आन्तरीक लेखापरीक्षण नगर्दा लेखा सम्वन्धि समयमै सुधारका विषय यकिन गर्न नसकि वर्षेनि वेरुजुको आकार बढ्ने हुन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखाले प्रभावकारी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिई समयमै लेखापरीक्षण गर्नुपर्दछ । | |
| १० | | | **अन्तिम लेखापरीक्षण प्रतिवेदन उपर छलफल** - लेखापरीक्षण ऐन २०७५ को दफा २०मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ । | |
| ११ | | | **आन्तरीक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 78 वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • स्थानीय सरकार संचालन ऐन, 2074 को दफा 71 मा गाउपालिका तथा गाउँपालीकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74 2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, 2074 को दफा 17 बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, 2053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन ।<br>• पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी वाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।<br>• विजुली महसुल समयमै नतिर्दा जरिवाना समेत थप खर्च भएको ।<br>• शिर्षक फरक पारी खर्च लेख्ने गरेको<br>• अनुगमन मुल्यांकन शिर्षकमा खर्च गरेकोमा आंशिक रुपमा मात्र भ्रमण प्रतिवेदन पेश भएको छ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १२ | | | **बजेट तथा कार्यक्रम** | |
| १२.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा गाउँपालिका उपाध्यक्षले २०७८/०३/१० गते रु.२३ करोड ६२ लाख को बजेट सभा समक्ष पेश गरेकोमा २०७८।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको पालिकाले जनाएको छ । | |

| | | | | |
|---|---|---|---|---|
| १२.२ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा (३) अनुसार गाउँपालिकाले सभावाट स्वीकृत बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकीएको कार्यक्रम सञ्चालन गर्नु पर्नेमा यस गाउंपालिकाले २०७८ आषाढमा आर्थिक वर्ष ०७८।७९ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी यस गाउंपालिकाको दोश्रो गाउसभाको को निर्णयवाट निम्नानुसार रकमान्तर गरी खर्च गरेको देखियो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नगर्न शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | रकम |
|---|---|
| ईटाँ व्यवशाय म.स.उ.स. टहरो निर्माण | २,४०,००० |
| भ्याढुङ्गा नाउला नानाकुन्ड सडक निर्माण वडा नं 2 र 1 (म्याचिङ्ग फण्ड) | १३,८६,००० |
| आधुनिक बोका बितरण (भेटेनरी ) | २,००,००० |
| अन्य सार्वजनिक निर्माण | २७,३६,००० |
| गैरीगाउँ सडक ग्याविन वाल निर्माण योजना | १,९२,००० |
| शैक्षिक संस्थाहरूलाई सहायता(विद्यालयमा पि.सि.एफ फण्ड बाल शिक्षा सहयोगि समेत ) | ३,००,००० |
| अन्य सार्वजनिक निर्माण | ३,०४,९४१ |
| अन्य सार्वजनिक निर्माण | ५,२८,००० |
| अन्य सार्वजनिक निर्माण | २,४०,००० |
| युवा आय आर्जन तालिम | २,००,००० |
| बिभिन्न योजनाहरुको कन्टिन्जेन्सी खर्च | २०,००० |
| विविध कार्यक्रम खर्च | ७३,५४,९०० |
| अन्य सार्वजनिक निर्माण | १७,७२,००० |
| पदाधिकारी बैठक भत्ता | ८८,००० |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च</td><td>१,५०,०००</td></tr>
<tr><td>अन्य सार्वजनिक निर्माण</td><td>५,००,०००</td></tr>
<tr><td>महिला आय आर्जन तालिम</td><td>२,००,०००</td></tr>
<tr><td>पुस्तक तथा सामग्री खर्च</td><td>२,००,०००</td></tr>
<tr><td>जम्मा</td><td>१६६११८४१</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष अबण्डा रकम राखेको वारे विवरण पेश भएन । बजेट अबण्डमा राखी कार्यपालिका को निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन</td><td></td></tr>
<tr><td>१३.१</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७८ जना कर्मचारीहरु करारमा राखी रु.१३७८१७५६।०० खर्च लेखेको छ । पालिकाको स्थायि दरवन्दी तथा दरवन्दि वाहिरका कर्मचारीको विवरण पेश नभएकोले दरवन्दि वाहिरका कर्मचारीको तलव भत्ता विश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>१३.२</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले कल्याणकोषमा यस वर्ष रु६०००००।०० वजेट विनियोजन गरी सुत्केरी स्याहार भत्ता वापत पालिकाकै आन्तरीक कर्मचारीलाई रु५०००।०० कल्याण कोषवाट खर्च गरेको छ । कानूनको व्यवस्था परिपालनामा पालिका जिम्मेवार वन्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१३.३</td><td></td><td></td><td>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।<table>
<tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>५</td><td>५</td><td>३</td><td>२</td></tr></table></td><td></td></tr>
<tr><td>१३.<br>४</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।कार्यालयबाट नियुक्त कर्मचारीहरुले नियमित रुपमा कार्यलय समयमा कार्यालयमा आइ नियमित कार्यसम्पादन गर्नुपर्ने हुन्छ । यसरी नियमित कार्यालयमा उपस्थित भइ कार्य गर्ने कर्मचारीहरु लाई मात्र नियमित तलब उपलब्ध गराउनुपर्दछ । यस पालिकाले कार्यालयको न्यायिक कार्यमा सहयोग गर्नेगरी एक जना स्थानीय कानून व्यवसायीलाई न्यायिक सल्लाहाकारका रुपमा नियुक्त गरि मासिक रु २५०००.०० का दरले १० महिनाको जम्मा तलब २५००००।०० उपलब्ध गराएकोमा निज सल्लाहकारको कार्यालयमा हाजिरी रेकर्ड नभएको र नियमित कार्यालयमा उपस्थित नहुने गर्नुका साथै सम्पादित कार्य विवरण समेत पेश नभएकोले निजले सम्पादन गरेको काम, उपलब्ध गराएको न्यायिक सुझाव लगाएको विवरण समेत संलग्न नभएकोले प्रमाण संलग्न गरी नियमित गर्नुपर्ने रु</td><td>२५०,०००</td></tr>
<tr><td>१३.<br>५</td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत आर्थिक बर्षका तथा यस आर्थिक वर्षमा फछ्यौंट् गर्न बाँकि विवाद संख्या नभएको विवरण प्राप्त भएको छ ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>सेवा प्रवाह - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्न अनुसार सेवाप्रवाह गरेको विवरण प्राप्त भएको छ :<br><table>
<tr><td>विवरण</td><td>निवेदन दर्ता</td><td>सिफारिस भएको संख्या</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>769</td><td>769</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>41</td><td>41</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>0</td><td>0</td></tr>
<tr><td>विवाह दर्ता</td><td>284</td><td>284</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td><td>०</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>तथ्याङ्क संकलन, अभिलेख र व्यवस्थापन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखियो । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>जिन्सि दाखीला - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखीएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा वर्षमा कम्तिमा १ पटक आफैंले वा जिन्सी शाखा प्रमुख बाहेकको कर्मचारीको नेतृत्वमा कम्तिमा ३ सदस्यीय समिति गठन गरी जिन्सी निरीक्षण गर्न लगाई महालेखा परीक्षकबाट स्वीकृत ढांचामा जिन्सी निरीक्षण प्रतिवेदन लिनु पर्ने र सो प्रतिवेदनमा उपनियम २ का कुराहरु खुलाउनुपर्ने व्यवस्था छ ।तर कार्यालयले जिन्सी निरीक्षण गराएको देखिएन । यसमा कार्यालय प्रमुखलाई जिम्मेवार बनाउनु पर्दछ । लेखापरीक्षणको क्रममा जिन्सी खाता माग गर्दा सफ्टवेयरमा राख्ने गरेको जवाफ प्राप्त भएको र सफ्टवेयर देखाउन अनुरोध गरेकोमा सो समेत देखाइएन । साथै उक्त सफ्टवेयरबाट प्राप्त प्रतिवेदनहरु लेखापरीक्षणमा पेश नभएकोले सो सम्वन्धमा एकिन गर्न सकिएन । यस सम्वन्धमा कार्यालयले प्रमाण पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>अनुदान तथा आर्थिक सहायता</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १७.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले प्रदेश विशेष अनुदानतर्फ यो वर्ष पनि सिद्धार्थ बहुउद्देश्यिय सहकारी भवन निर्माणका लागि रु २५ लाख अनुदान उपलब्ध गराएको छ । स्पष्ट कार्यविधि तथा प्रतिस्पर्धा वेगर नाफामुलक संस्थालाई प्रदेशवाटै सहकारी भवन निर्माणका लागि तोकिएर आएकोमा तालुक निकायवाट आउने यस्ता कार्यक्रम नियन्त्रण हुनुपर्दछ । तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| १७.२ | | | पूँजी सिर्जना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीयतहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुनेगरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट आर्थिक सहायता लगायत भनी विभिन्न व्यक्तिहरुलाइ भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १८ | | | **आर्थिक सहायता र अन्य विविध खर्च** | |
| १८.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले राहत प्रयोजनको लागि यो वर्ष ३७ व्यक्ति एवं संघ संस्थालाई रु ८ लाख ९५ हजार ४२५ आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १८.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविध तर्फमात्र रु १८ लाख ३२ हजार ९०८ खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १९ | | | **कार्यक्रम तथा खर्च** | |
| १९.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: | |

| क्र.सं | विवरण | योजना संख्या |
|---|---|---|
| १ | रु १ लाखभन्दा कमको योजना | ४९ |
| २ | रु एक लाख देखि दुई लाख सम्मका योजना | ४९ |
| ३ | रु दुई लाख देखि पाँच लाख सम्मका योजना | ५१ |
| ४ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | २४ |
| ५ | दश लाख देखि ५० लाख सम्मका योजना | २२ |
| ६ | ५० लाख बढीका योजना | ६ |
| | जम्मा | २०१ |

१९.२

आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ (९) बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३५ (१) बमोजिम चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आर्थिक वर्षको अन्तिममा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नपर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| चालु खर्चतर्फ | १४३८५४८५८।१५ | ३६७९६४२३।१० | ४७११२२६३।५६ | ५९९४६१७१।४९ | ३०३३०८५३।३० |
| पूँजिगत खर्चतर्फ | ११७१६३६३२ | १८२०० | २२१३५७६० | ९५००९६७२ | ४८०६१२६६ |
| | २६१०१८४९० | ३६८१४६२३ | ६९२४८०२३ | १५४९५५८४३ | ७८३९२११९ |

| | | | | | |
|---|---|---|---|---|---|
| खर्च प्रतिशत | | १४ | २७ | ५९ | ३० |

१९.३

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | १५४१७८०० | १२७७७४१८ | ५ |
| पूर्वाधार विकास | ७४९३५२२२ | ७०९८६८९५ | २७ |
| सामाजिक विकास | १०९३९७३४६ | ९८५८२६४४ | ३८ |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २२६२००० | २०४९९७० | ३ |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९८४०४८१२ | ७६६२१५६२ | २९ |
| | ३००४१७१८० | २६१०१८४८९ | |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७८।७९ को कूल खर्चमध्ये सबैभन्दा बढी कार्य सामाजिक विकासमा ३७ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास सेवा प्रवाह र सुशासनामा ३ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१९.४

पालिकाले यस बर्ष कुल आन्तरिक आय रु५५८४५६।००, राजस्व बाँडफाँड रु५०३६६३७७ र अनुदानबाट रु २२०३६००००।०० गरी जम्मा रु २७१२८४८३३।०० आम्दानी भएकोमा चालु तर्फ रु१४४१५५०७०।१५ र पूँजिगत तर्फ रु ११७१६३६३२।०० गरी रु २६१३१८७०२ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०।२२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ५१५९३९३ खर्च भएको छ जुन आन्तरिक आयको ९।२४ गुणा रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५६ प्रतिशत चालु र ४४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १९.५ | | | कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष गाउँपालिकाको कूल आन्तरिक आय रु. ५५८४५६।०० देखिन्छ भने प्रशासनिक (चालु) खर्च रु.६७१९७३२७।६१ रहेको छ । यसरी आन्तरिक आय र प्रशासनिक (चालु) खर्च वीचको अनुपात अर्थात प्रशाशनिक खर्च आन्तरिक आयको तुलनामा १२० गुना वढी रहेको छ । साथै गाउँपालिकाको यो वर्षको कुल जम्मा खर्च रु२६१३१८७०२।०० रहेकोले उक्त खर्च आन्तरिक आयको ४६७ गुणा बढी रहेको छ । नेपालको संविधान २०७२ ले स्थानीय निकायलाई आर्थिक रुपले समेत पूर्ण आत्मनिर्भर हुने अभिप्रायवाट आर्थिक अधिकार समेत उपलव्ध गराइ स्थानीय सरकारको रुपमा स्वायत्ता प्रदान गरेको छ । सोही वमोजिम गाउँपालिकाले संविधान तथा कानून अनुसार हस्तान्तरण भएको कार्यजिम्मेवारी र जवाफदेहितालाई कुशलता पूर्वक निर्वाह गर्न आन्तरिक स्रोत साधनको परिचालनमा ध्यान दिनु पर्दछ । यसको लागि कानून बमोजिम अधिकार प्राप्त क्षेत्र र विषयका करको आधारको खोजी गर्दै सेवाको आधुनिकीकरण तथा नयाँ सेवाको विस्तारबाट सेवा शूल्क आर्जनमा विशेष जोड दिनुपर्दछ. । | |
| २० | | | **धरौटी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४(१) मा कार्यालयले धरौटी कोषमा जम्मा गरेको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्नेछ । साथै नियम ६८(घ) मा कसले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंकको खातामा रहेको धरौटी रकम कार्यालयले राजस्व खातामा आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको धरौटीको नाम नामेसी विवरणमा कुन कुन व्यक्ति वा संस्थाको खुलाई राख्नु पर्नेमा नाम नामेसी विवरण पेश नभएकोले छानवित गरी नाम नामेसी विवरण पेश गर्ने अन्यथा आवश्यक निर्णय गरी संचित कोष दाखिला गरी धरौटी हिसाब अध्यावधिक गर्नुपर्ने देखिन्छ । महालेखापरीक्षक कार्यालयले तोकेको म ले प फा नं हरु प्रयोग गरी आम्दानि तथा खर्चको यथार्थ विवरण तयार गर्नुपर्दछ । | |
| २१ | | | **उपभोक्ता समिति दर्ता'** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले जनाएअनुसार यो बर्ष विभिन्न २०१ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. ११ करोड ७१ लाख ६४ हजार भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्यसम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्यसम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भार मा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्र मार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| २२ | | | **महगी भत्ता** - नेपाल सरकार अर्थ मन्त्रालयलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प सं २०७७।७८ च नं १०३ मिति २०७८।३।२४ को पत्रबाट नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरबन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई मासिक रुपमा महगी भत्ता उपलब्ध गराउने सम्बन्धी ब्यहोराका सम्बन्धमा कानुनमा यस किसिमको ब्यबस्था नभएकोले महगी भत्ता उपलब्ध गरउन नसकिने निर्णय गरी मिति २०७९।१।२१ मा जानकारी गरएको देखिन्छ । त्यसैगरी स्थानीय तहमा कार्यरत करारका कर्मचारीहरुलाई महँगी भत्ता उपलब्ध गराउन मिल्ने कानूनी ब्यबस्था देखिदैन । तर पालिकाले देहाय बमोजिमका करारमा कार्यरत कर्मचारीहरुलाई करार सम्झौता गर्दा | २४०,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | मासिक रुपमा महँगी भत्ता समेत पाउने उल्लेख गरी मासिक रुपमा महँगी भत्ता उपलब्ध गराएको छ । यसरी कानूनमा यस्तो सुविधा पाउने प्रावधान नभएको अवस्थामा सम्झौतामा राखी भत्ता उपलब्ध गराउन मिल्ने नदेखिएको रु | |

| क सं | कर्मचारीको नाम र पद | महँगी भत्ता रु |
|---|---|---|
| १ | सु. प्र. अ. श्री गिरिश सिंह | २४००० |
| २ | स. ई. श्री जितेन्द्र बोहरा | २४००० |
| ३ | स. ई. श्री देवचन्द्र बोहरा | २४००० |
| ४ | स. ई. श्री गणेश बहादुर बोहरा | २४००० |
| ५ | स. ई. श्री धन बहादुर बोहरा | २४००० |
| ६ | अ. स. ई. श्री शितल पुजारारा | २४००० |
| ७ | ना.प्रा.स. श्री बिजुली बि क | २४००० |
| ८ | एम आई एस अ. श्री हरिचन्द्र बोहरा | २४००० |
| ९ | फिल्ड सहायक श्री ललित बहादुर बोहरा | २४००० |
| १० | फिल्ड सहायक श्री संगीता बोहरा | २४००० |
| | जम्मा | २४०००० |

| | | | | |
|---|---|---|---|---|
| २३ | | | **पदाधिकारी सुविधा** | |
| २३.१ | | | स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जस अनुसार सुदूरपश्चिम प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ असार ११ मा राजपत्रमा प्रकाशन गरेको उक्त स्थानीय तहका पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ मा उल्लेख भएको सूविधामा ५१ लाख ५९ हजार ३९३ खर्च लेखेको देखिन्छ। | |

| | | | | |
|---|---|---|---|---|
| २३.२ | १५० | २०७८-१२-२५ | **पदाधिकारी पोशाक**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ( पहिलो संशोधन ) ऐन ,२०७६ को दफा ३ मा स्थानीय तहमा पदाधिकारीले पाउने सुविधा रकमका बारेमा उल्लेख छ । उक्त सुविधामा पदाधिकारीले पोशाक भत्ता पाउने व्यबस्था नभएको हुँदा प्रति व्यक्ति रु.१०,०००/- का दरले पदाधिकारीलाई भुक्तानी भएको रु. २,७०,०००/-असुल हुनुपर्ने रु. | २७०,००० |

| सि नं | पदाधिकारीको नाम | रकम |
|---|---|---|
| १ | गा.पा अध्यक्ष श्री नर बहादुर बोहरा | १०००० |
| २ | उपाध्यक्ष श्री समिता कुमारी बोहरा पुजारा | १०००० |
| ३ | बडा अध्यक्ष श्री पुष्कल बहादुर बोहरा | १०००० |
| ४ | बडा अध्यक्ष श्री खडक बहादुर बोहरा | १०००० |
| ५ | बडा अध्यक्ष श्री मदन कामी | १०००० |
| ६ | बडा अध्यक्ष श्री पूर्ण बहादुर बोहरा | १०००० |
| ७ | बडा अध्यक्ष श्री टोप बहादुर बोहरा | १०००० |
| ८ | का पा सदस्य श्री कलक बि क | १०००० |
| ९ | का पा सदस्य श्री बिक्रम बि सि | १०००० |
| १० | का पा सदस्य श्री सिन्कीदेवी बोहरा | १०००० |
| ११ | का पा सदस्य श्री गितादेवी बोहरा | १०००० |
| १२ | का पा सदस्य श्री जोटीदेवी बोहरा | १०००० |
| १३ | का पा सदस्य श्री राइकोसा कामी | १०००० |
| १४ | वडा सदस्य श्री भक्त बि क | १०००० |
| १५ | वडा सदस्य श्री नबराज पुजारा | १०००० |
| १६ | वडा सदस्य श्री गमनादेवी कामी | १०००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१७</td><td>वडा सदस्य श्री रुद्रदेवी बोहरा</td><td>१००००</td></tr>
<tr><td>१८</td><td>वडा सदस्य श्री रमेश बोहरा</td><td>१००००</td></tr>
<tr><td>१९</td><td>वडा सदस्य श्री गणेश बोहरा</td><td>१००००</td></tr>
<tr><td>२०</td><td>वडा सदस्य श्री दिनेश बोहरा</td><td>१००००</td></tr>
<tr><td>२१</td><td>वडा सदस्य श्रीगणेश बोहरा</td><td>१००००</td></tr>
<tr><td>२२</td><td>वडा सदस्य श्री टिकाराम पुजारा</td><td>१००००</td></tr>
<tr><td>२३</td><td>वडा सदस्य श्री बुद्धीमान बोहरा</td><td>१००००</td></tr>
<tr><td>२४</td><td>वडा सदस्य श्री वीर बहादुर जेठारा</td><td>१००००</td></tr>
<tr><td>२५</td><td>वडा सदस्य श्री कुबेर बहादुर जेठारा</td><td>१००००</td></tr>
<tr><td>२६</td><td>वडा सदस्य श्री बेलधारा बोहरा</td><td>१००००</td></tr>
<tr><td>२७</td><td>वडा सदस्य श्री सीता बि क</td><td>१००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२७००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३.<br>३</td><td></td><td></td><td>स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ को दफा ३ मा अनुसुचि १ क बमोजिमको सुविधा मात्र पाउने व्यवस्था छ । सो अनुसार अनुसुचिको क्रम संख्या ७ मा आफ्नो स्थानिय तहभन्दा वाहिर भ्रमण गरेमा मात्र तोकिएको दैनिक भ्रमण भत्ता पाउने उल्लेख भएकोमा देहायबमोजिमका पदाधिकारीलाई आफ्नै स्थानिय तह भित्र भ्रमण गर्दा समेत दैनिक भ्रमण भत्ता भुक्तानी गरेकोमा भुक्तानी दिन मिल्ने नदेखिएको रु
<table>
<tr><th>गो भौ नं</th><th>पदाधिकारी</th><th>भ्रमण स्थान</th><th>भ्रमण अवधि</th><th>भुक्तानि रकम</th></tr>
<tr><td>१२१।१।२२</td><td>गा पा उपाध्यक्ष समिता वोहरा</td><td>वडा नं १ अनुगमन</td><td>११।९देखी १५</td><td>१००००</td></tr>
<tr><td></td><td></td><td>वडा नं २ अनुगमन</td><td>१२।१ देखि ७</td><td>१००००</td></tr>
</table>
</td><td>२००,०४०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | वडा नं ४ र ५ अनुगमन | १०।२२ देखि २८ | १०००० |
| | | योजना अनुगमन | १।२ देखि ८ | १०००० |
| | का पा सदस्य सिन्किदेवि वोहरा | वडा नं १ ३ अनुगमन | ११।९ देखि १६ | ७५०० |
| | | | १।२ देखि ८ | ७५०० |
| १०३।१०।२७ | वडा नं ५ अध्यक्ष टोपवहादुर वोहरा | वडा नं ५ को विभिन्न योजना | ४।२० देखि २६ | ५७५४० |
| गा पा | | | ५।२ देखि ८ | |
| | | | ६।३ देखि ९ | |
| | | | ७।६ देखि १२ | |
| | | | ८।१० देखि १६ | |
| | | | ९।१४। देखि २० र १०।१० देखि १६ | |
| | वडा नं ५ सदस्य वेलधारा वोहरा | वडा नं ५ को विभिन्न योजना | ६।१० देखि १६ | ७५०० |
| | वडा नं ५ सदस्य सिता वि क | वडा नं ५ को विभिन्न योजना | ६।१० देखि १६ | ७५०० |
| | वडा नं ५ सदस्य कुवेर जेठारा | वडा नं ५ को विभिन्न योजना | ६।१० देखि १६ | ७५०० |
| | वडा नं ५ सदस्य विरवहादुर जेठारा | वडा नं ५ को विभिन्न योजना | ६।१० देखि १६ | ७५०० |
| १६।९।३० | गा पा अध्यक्ष नरवहादुर वोहरा | वडा नं १ २ ३ भ्रमण | ५।२ देखि ८ | १०००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>उपाध्यक्ष समिता वोहरा</td><td>वडा नं १ २ ३ भ्रमण</td><td>५।२ देखि ८</td><td>१००००</td></tr>
<tr><td></td><td>वडा नं १ अध्यक्ष पुस्कल वोहरा</td><td>वडा नं २ र३</td><td>४।११ देखि १७</td><td>७५००</td></tr>
<tr><td></td><td>वडा नं २ अध्यक्ष खडक वोहरा</td><td>वडा नं ४ र ५</td><td>४।१२ देखि १८</td><td>७५००</td></tr>
<tr><td></td><td>वडा नं ३ अध्यक्ष मदन कामि</td><td>वडा नं ४ र ५</td><td>४।११ दखि १८</td><td>७५००</td></tr>
<tr><td></td><td>वडा नं ४ अध्यक्ष पुर्ण वहादुर वोहरा</td><td>वडा नं २ र ३</td><td>४।११ देखि १७</td><td>७५००</td></tr>
<tr><td></td><td>वडा नं ५ अध्यक्ष टोपवहादुर वोहरा</td><td>वडा नं १ र २</td><td>४।१२ देखि १८</td><td>७५००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>२०००४०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।</td><td></td></tr>
<tr><td>२५</td><td>९२</td><td>२०७८-१०-२३</td><td>अनुदानमा बिउ वितरण - सुर्मा गाउँ पालिकाको मिति २०७४ पौष १६ को निर्णय अनुसार सबै किसिमका कृषि कार्यक्रममा कृषक लाई ७५ प्रतिशत अनुदान दिने उल्लेख गरेको छ। सोहि निर्णय लाई आधार लिई यस बर्ष पालिकाले गहुंको बिउ खरिद गरि कृषकहरु लाई ७५ प्रतिशत अनुदानमा बिउ वितरण गरेको बिल भरपाईका आधारमा नि.प्रमुख प्रशासकीय अधिकृत श्री चक्र प्रसाद जोशी लाई रु. ४,९३,८४०/-</td><td>९३,७५०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | भुक्तानी गरेको छ ।उक्त खर्च रकम मध्ये दुवानी भाडा, लोड अनलोड, अनुगमन मुल्यांकन लगायतका खर्च बाहेक बिउ खरिद रु. ३,७५,०००/- को २५ प्रतिशतले हुने रु.९३,७५०/-रकम समेत पालिकाकै खर्च जनाई भुक्तानी गरेको रकम असुल हुनु पर्ने रु... | |
| २६ | २१ ९ | २०७९ -२-१३ | **सिप विकास तालिम** पालिकाले सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धि खर्च अन्तर्गत युनिक मोसन युवा समाजलाई गत आ.व.को रु.१,५०,०००/- पेश्की फछ्र्यौट गरि बाँकि रु.१,५०,००० /- भुक्तानी गरेको छ ।उक्त समाजले ३० जनालाई सिलाई कटाई सम्बन्धी तालिम दिएको हाजिरीको फोटोकपी पेश भएको छ ।तर उक्त हाजिरी रजिष्टरमा सम्बन्धित प्रशिक्षार्थीले हस्ताक्षर हाजिरी नगरी हा. हा. मात्र उल्लेख छ ।प्राप्त विल भरपाई मध्ये ८ सेट सिलाई मेशिन रु.८९,६००/- मा खरिद गरेको देखिन्छ ।उक्त समाजसँग पालिकाले गरेको सम्झौता तथा तालिम प्रस्ताव पेश नभएकोले के के वापत कति खर्च गर्ने, खरिद गरिएका सिलाई मेशिन सहभागीलाई वितरण गर्ने वा समाजमा रहने लगायतका कुरामा स्पष्ट हुन नसकेकोले सम्झौता ,तालिम समापन भएको फोटो, सहभागिलाई दिएको प्रमाण पत्र, सहभागिको वास्तविक उपस्थितिहाजिर लगायतका प्रमाण पेश हुनुपर्ने रु. | १५०,००० |
| २७ | | | **विमा नगराएको**<br><br>सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार खरिद संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैंया भन्दा बढी मूल्यको निर्माण व्यवासायीले निर्माण कार्यमा प्रयोग हुने मेशिन औजार प्लान्ट लगायतको क्षती र मानवीय दुर्घटना क्षतिपूर्ति समेतको विमा गराउनु पर्ने व्यवस्था छ ।पालिकाले नियमको उक्त व्यवस्था अनुसार निर्माण व्यवसायीलाई बीमा अनिवार्य गरेको देखिएन । नियमानुसार बीमा अनिवार्य गराउनु पर्दछ । | |

| निर्माण कार्य | लागत अनुमान | हालसम्मको भुक्तानि रकम |
|---|---|---|
| विनिता दुदिर निर्माण सेवा (भ्याँढुङ्गा नाउला नानाकुण्ड सडक निर्माण वडा नं. २ र १ —ठेक्का नं01/2078/079_ | 4070319.51 | 1949755 |
| सुर्मा सडक निर्माण उ.स (अन्य सार्वजनिक निर्माण) | 7693125.27 | 6819605 |
| वडा कार्यालय भवन निर्माण सुर्मा २ रनिङग विल | 2395064.15 | 1406467 |
| गजौनी गाड पुल निर्माण | 1689440.39 | 1495083 |
| जेउडेगाड २ लघुजलविधुत आयोजना | 5366974.52 | 4711333 |
| विनिता दुदिर निर्माण (भ्याँ ढुङ्गा, नाउला, नानाकुण्ड सडक निर्माण) | 4070319.51 | 1949755 |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>सिद्धार्थ कृषि सहकारी संस्था लिमिटेड</td><td>2702666.49</td><td>2385400</td></tr>
<tr><td>श्री सुर्मा सरोवर निर्माण सेवा (काउलीखोला अना हुदै बल्लेछडा शाखा रोड निर्माण</td><td>7041745.6</td><td>7038020.9</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>जटील काम उपभोक्तावाट गराएको - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :<br><table>
<tr><td>उपभोक्ता समिति</td><td>कामको विवरण</td><td>लागत अनुमान</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>जेउडेगाड २ लघु जलविद्युत आयोजना उपभोक्ता समिति</td><td>जेउडेगाड २ लघुजलविद्युत आयोजना</td><td>५४५९४८०</td><td>४६४६६६८</td></tr>
<tr><td>सिद्धार्थ कृषि सहकारी भवन निर्माण समिति</td><td>सिद्धार्थ कृषि सहकारी भवन निर्माण</td><td>२७०२६६६</td><td>२३८५०००</td></tr>
<tr><td>२ नं वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति</td><td>भवन निर्माण</td><td>२३९५०६४</td><td>१४०६४६७</td></tr>
<tr><td>४ नं वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति</td><td>भवन निर्माण</td><td>२२५२३०५</td><td>१८७६३४८</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९</td><td>२०</td><td>२०७९-२-१३</td><td>कार्यसम्पादन जमानत - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० को उपनियम (१) अनुसार खरिद सम्झौता गर्दा स्वीकृत बोलपत्रको बोलपत्रदाताले ऐनको दफा २७ को उपदफा (४) बमोजिम कार्यसम्पादन जमानत पेश गर्न बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको ढाँचामा ऐनको दफा २७ को उपदफा (२) बमोजिमको म्यादभित्र वाणिज्य बैङ्कबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष म्याङ्गढुंगा नाउला नानाकुण्ड सडक निर्माणको लागी ठेक्काको भ्याट समेत जम्मा रु४५९९४००।१४ को लागत अनुमान तयार गरी विनिता दुदिर निर्माण सेवासँग भ्याट सहित रु.१९६६३३७।४८ मा खरिद सम्झौता गरेकोमा बोलपत्र सम्वन्धी</td><td>५५४,८९३</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>कागजातमा उल्लेख भएको तथा नियमानुसार रु१०६९८९३।१८ को कार्यसम्पादन जमानत पेश हुनुपर्नेमा जम्मा रु५१५०००।०० मात्रै पेश भएकाले नपुग रकम रु५५४८९३।१८ बरावरको कार्यसम्पादन जमानत विना कार्यसम्पन्न गरेको पाईयो । यसरी ऐन तथा नियमावलिले तोकेको व्यवस्था भन्दा कम कार्यसम्पादन जमानत राखी सम्पन्न गराएकोमा नियमसम्मत नदेखीएको रु</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>पूर्वनिर्धारित क्षतिपूर्ति - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) तथा नियमावली, २०६४ को नियम २१ मा सम्झौताको अवधि थप सम्वन्धि व्यवस्था छ । जसअनुसार कावु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनुपर्ने कुरा उपलव्ध गराउन नसकेमा वा अन्य मनासिव कारणवाट खरिद सम्झौताको अवधि नवढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन बमोजिम सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था छ । यसरी अवधि थप गर्दा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता वमोजिमको काम सो सम्झौतामा तोकीएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नवढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने र यसरी पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्वन्धित निर्माण व्यवसायी र खरिद सम्झौता बमोजिमको कार्यसम्पादन गर्ने दायीत्व वाट मूक्त हुन नसक्ने व्यवस्था छ । सम्झौताको निम्नानुसारको समयावधि अनुसार अन्तिम कार्य सम्पन्न गर्नुपर्ने मितिमा निर्माण व्यवसायिले ढिलो गरी कार्यसम्पन्न भएको विवरण पेश गरेको हुँदा ऐन तथा नियमावलीको उपरोक्त प्रावधान तथा सम्झौता रकम को ०.०५ प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने समेत रु.
<table>
<tr><th>गो भौ नं</th><th>फर्मा वा संस्था</th><th>कामको विवरण</th><th>सम्पन्न गर्नुपर्ने मिति</th><th>सम्पन्न मिति</th><th>सम्झौता रकम</th><th>पूर्वनिर्धारित क्षतिपूर्ति</th></tr>
<tr><td>४१।११।२</td><td>अल स्टार ईन्जिनियरिङ्ग कन्सल्टेन्सि</td><td>आर सि सि पुल देउलाड डि पि आर</td><td>२०७८।१०।१०</td><td>२०७८।११।२</td><td>१९१७५८०</td><td>२१०९३।३८</td></tr>
<tr><td>४०।११।२</td><td>वोदर्श ईन्जिनियरिङ्ग</td><td>प्रशासकिय भवन डि पिआर</td><td>२०७८।९।२१</td><td>२०७८।११।२</td><td>१९१७५८०।०६</td><td>३९३१०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>६०४०३।३८</td></tr>
</table></td><td>६०,४०४</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>ड्रईङ्ग डिजाईन तयार नगरेको - सार्वजनिक खरिद ऐन, २०६३ को नियम दफा ४ मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गर्नुपर्ने र दफा ५क. मा लागत अनुमान र नक्सा, डिजाइन तथा स्पेसिफिकेशन स्विकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले निर्माण गरेका कार्यहरुको नक्सा डिजाइन स्वीकृत गराएको देखिएन र निर्माण कार्यहरुको आंशिक मात्र नक्सा तयार गरेकोमा प्राविधिकले सफ्ट कपी मात्र राखेको देखियो । कार्यालयले सम्पूर्ण निर्माण कार्यहरु नक्सा अनिवार्य रुपमा तयार गरी सोको हार्ड कपी स्वीकृत गराउनु पर्नेमा नगराएकोले सम्वन्धमा विश्वस्त हुन सकिएन । यसमा सम्वन्धित प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । अतः कार्यालयले नियमानुसार नक्सा, डिजाइन र स्पेसिफिकेसन तयार गरी स्वीकृत गराउनु पर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३२ | | | **पावरहाउस भ्याढुंगा नाउला सडक स्तरोन्नति योजना** | |
| ३२.१ | ७० | २०७९-३-२५ | उच्च हिमालि एवं हिमालि क्षेत्र संवृद्धि कार्यक्रम सञ्चालन कार्यविधि २०७८ को बुदाँ नं ५ अनुसार यसप्रकारका आयोजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि कार्यक्रमको तर्फवाट अधिकतम ९० प्रतिशत र स्थानिय तहवाट न्युनतम १० प्रतिशत लागत सहभागिता हुने उल्लेख छ । यस सम्वन्धमा देखीएका व्यहोरा निम्नानुसार छन्<br>पालिकाले उच्च हिमालि एवं हिमालि क्षेत्र संवृद्धि कार्यक्रम अन्तर्गत पावरहाउस भ्याढुंगा नाउला सडक स्तरोन्नति योजनाको लागि लागत अनुमान रु७००००००।०० तयार गरी रु६७०६५२४।२० खर्च भएकोमा कार्यविधिले तोकेअनुसार १० प्रतिशतले हुने रु६७०६५३।०० रकम यस पालिकावाट लागत सहभागिता नरहेकोले अनियमित देखिएको रु | ६७०,६५३ |
| ३२.२ | | | उपभोक्ता समितिले भुमिराज कन्स्ट्रक्सनवाट १५० घण्टा २१०० का दरमा जे सि वि प्रयोग गरी भ्याट समेत जम्मा रु ३५५९५०।०० भुक्तानी भएकोमा सक्कल विल पेश नभएको रु | ३५५,९५० |
| ३२.३ | | | योजनाको अन्तिम विल भुक्तानिमा कार्यसम्पन्न तथा उपभोक्ता विल अनुसार जम्मा रु३५५६२७१।०० भुक्तानी दिनुपर्नेमा पालिकालेरु३५६२९८४।०० भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी रकम रु ६७१३।०० असुल गर्नुपर्ने भनि आन्तरिक लेखापरीक्षकले समेत औंल्याएकोमा बढी भुक्तानी रकम असुल गर्नुपर्ने रु | ६,७१३ |
| ३२.४ | | | उपभोक्ता समितिले पालिकाको जे सि वि प्रयोग गरेवापत सम्झौता अनुसार रु२१९००००।०० भुक्तानि गरेकोमा सो भुक्तानीमा लाग्ने बहालकर वापतको रु २१९०००।०० दाखिला गर्नुपर्नेमा जम्मा रु २०००००।०० मात्रै दाखिला गरेको भनि आन्तरिक लेखापरीक्षकवाट समेत औंल्याएकोमा बहालकर वापतको रकम पावरहाउस भ्याढुंगा नाउला सडक स्तरोन्नति उपभोक्ता समितिवाट असुल गरी दाखिला गर्नुपर्ने रु | १९,००० |
| ३३ | ११४ | २०७९-१-१४ | सार्वजनिक खरिद नियमावली २०६४ को नियमा ९७ मा उपभोक्ता समिति वा लाभग्राहि समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै निर्माण व्यवसायीवाट गराउन नसकिने उल्लेख छ । कुनै कारणवश सो समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसक्ने भएमा सार्वजनिक निकायले समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । यस पालिकाले विभिन्न सडक तथा योजनाहरुको उपभोक्ता समिति संग सम्झौता गरेकोमा सम्बन्धित उपभोक्ता समिति सुर्मा सडक निर्माण समितिले संझौता अनुसारको काम आफैले नगरी सबकन्ट्रयाक्टर त्रिपुरासुन्दरी कन्स्ट्रक्सन बाट रु२५८१५१८।०० काम गराई निर्माण व्यवसायीले पेश गरेको कर विजकको आधारमा भुक्तानी गरेको पाईयो । यसरी समिति वा समुदाय आफैले संझौता अनुसारको काम सम्पन्न गर्न नसकेको अबस्थामा नियमको उक्त व्यवस्था अनुसार पालिकाले स्वयम ठेक्का मार्फत काम गराउंदा प्रतिष्पर्धी दरमा काम गराउन सकिनेमा सो बमोजिम नगरी उपभोक्ता समिति मार्फत सबकन्ट्रयाक्टरले पेश गरेको बिलको रकम भुक्तानी दिंदा राज्यलाई थप ब्ययभार परेको देखियो । सो सम्बन्धमा पालिका लगायत सम्बन्धित निकायको ध्यानाकर्षण हुनु जरुरी देखिन्छ । | |
| ३४ | २० | २०७९-२-१३ | **बढी परीमाण देखाएको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ताको हरेक किस्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई यथार्थ नाँपजाँच हुंदा कायम भएको परिमाणको आधारमा मात्र भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । नियमको | १९,३८० |

<table>
<tr><td></td><td></td><td></td><td>उक्त व्यवस्था अनुसार यस पालिकाले विभिन्न सडक योजनाहरुको उपभोक्ता समितिलाई भुक्तानी दिंदा सडकको प्रत्येक चेनेजमा भएको कामको नापिको आधारमा भुक्तानी गर्नुपर्नेमा सो वमोजिम नगरी निम्न सडक योजनाहरुको भुक्तानी दिंदा वास्तविक कार्यको परीमाण भन्दा बढी परीमाण उल्लेख गरी तल्लो र माथिल्लो चेनेज सँग सोईल टाईप नमिल्ने गरी मिडीयम रक र हार्ड रकमा परीमाण वढाई भुक्तानी गरेको देखिएकोले सो कामको दर रु ८५० को दरमा बढी भुक्तानी भएकोले सो सम्वन्धमा सम्वन्धित प्राविधिकलाई समेत जिम्मेवार वनाई देहायबमोजिमको बढी भुक्तानी निर्माण व्यवसायि विनिता दुदिर निर्माण सेवा वाट असुल हुनु पर्ने देखिएको रु<br>
<table>
<tr><th>गो.भौ.र मिति</th><th>योजनाको नाम</th><th>उल्लेख भएको परिमाण</th><th>हुनु पर्ने परिमाण</th><th>बढी देखाएको परिमाण</th><th>भुक्तानी दर</th><th>असुल हुनु पर्ने रकम</th></tr>
<tr><td>२०।२।१३</td><td>म्याङ्गढुङ्गा नाउला नानाकुण्ड सडक उ स</td><td>२०३३६।८०</td><td>२०३१४</td><td>२२।८</td><td>८५०</td><td>१९३८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३५.१</td><td>६३</td><td>२०७९-३-८</td><td>गो भौ नं ६३।३।८ गा पा पूजिगत वडा नं २ को कार्यालय भवन निर्माण उपभोक्ता समितिवाट भवन निर्माण कार्य भएकोमा विभिन्न वहाल तथा ढुवानि वापतको रु२००००।०० भुक्तानी भएकोमा वहालकर वापतको रु २०००।०० असुल गरी दाखिला प्रमाण पेश गर्नुपर्ने रु</td><td>२,०००</td></tr>
<tr><td>३५.२</td><td>१६४</td><td>२०७९-३-८</td><td>पालिकावाट सञ्चालित कृषि कार्यक्रम अन्तर्गत पौरखी कृषक समुहसँग टिमुर च्याउ खेति निर्माणका लागि पालिकावाट ७५ प्रतिशत तथा लागत सहभागितावाट २५ प्रतिशत व्यहोरिने उल्लेख छ । यस कार्यक्रमका लागि रु २००००० विनियोजन भई खर्च भएकोमा लागत सहभागितावाट व्यहोरिने रकम समेत रु२५००००।०० को विल भरपाई तथा कार्यसम्न्न पेश हुनुपर्नेमा रु २४३०००।०० को मात्र विल भरपाई तथा कार्यसम्पन्न पेश भएकोले विलभरपाई नपुग भई विल भरपाई भन्दा बढी भुक्तानि भएको रु ७०००।०० असुल गरी दाखीला गर्नुपर्ने रु</td><td>७,०००</td></tr>
<tr><td>३५.३</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२३ मा रनिङ्ग विल वा अन्य कुनै विलको भुक्तानी गर्दा प्राविधिक मुल्यांकन अनुसार भुक्तानि गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका योजनामा भुक्तानी गर्दा वास्तविक दर विश्लेषण अनुसार तयार गरेको दरमा हुनुपर्नेमा सो भन्दा बढी दरले निम्नानुसारको काममा रु बढी भुक्तानी गरेको छ । बढी भुक्तानी रकम सम्वन्धितवाट असुल गर्नुपर्ने रु<br>
<table>
<tr><th>गो भौ न</th><th>निर्माण कार्यको नाम</th><th>उपभोक्ता समिति</th><th>बढि भुक्तानि भएको आईटम</th><th>परीमाण</th><th>भुक्तानी दर</th><th>दर विश्लेषण अनुसारको दर</th><th>बढी भुक्तानि रु</th></tr>
</table></td><td>८,२५३</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>६४।३।२५</td><td>नमुना वालविकास प्रा वि पिपलडाडा भवन निर्माण</td><td>नमुना वालविकास प्रा वि पिपलडाडा</td><td>अर्थवर्क एक्साभेसन</td><td>१११।२९</td><td>१३१०</td><td>१२३६</td><td>८२५३।२६</td></tr></table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>खरीद</td><td></td></tr>
<tr><td>३६.१</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा बीस लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्रबाट खरिद गर्न सकिने ब्यबस्था छ । पालिकाले आ व २०७८।७९ मा ११ थान ल्यापटप को जम्मा रु१३३६४४८।०० को पटक पटक वडा कार्यालयको वजेटवाट सोझै खरिद गरेकोमा केहिको सरकारी सम्पत्ति व्यवस्थापन प्रणालि पाम्समा दाखिला गरेको तथा केहि जिन्सि रजिष्टरमा दाखिला गरेको जनाएको छ । यसरी एकै दिनमा खरिद आदेश तथा माग फाराम तयार गरी खरिद गरेकोमा फरक फरक विलवाट खरिद गरी भुक्तानी गरेको जनाएको छ । यसरी नियमावलिमा भएको व्यवस्था विपरित एकै प्रकारका सामान पटक पटक टुक्रे खरिद गरेको अनियमित देखीएको रु</td><td>१,३३६,४४८</td></tr>
<tr><td>३६.२</td><td></td><td></td><td>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्ति बाट यस्तो कार्य गराउनुपर्दछ ।<table><tr><td>काम</td><td>फर्मा वा संस्था</td><td>भुक्तानि रकम</td></tr><tr><td>औध्योगिक ग्राम निर्माण तथा व्यवस्थापन</td><td>श्री ट्रान्गुलम इन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा लि सिनामंल ३२ काठमाडौ</td><td>१९९७९९।८९</td></tr><tr><td>दौलिगाड मोटरेवल पुल निर्माण</td><td>श्री अल स्टार इजिनियरिङ्ग कन्सल्टेन्सी एन्ड कन्स्ट्रक्सन प्रा लि बसुन्धारा ३ काठमाडौ</td><td>१९१७५८०</td></tr><tr><td>गाँउपालिका प्रशासकिय भवन निर्माण</td><td>ब्रोदर इन्जिनियरिङ्ग कन्सल्टेन्सी एन्ड कन्स्ट्रक्सन</td><td>१९१७५८०</td></tr><tr><td></td><td>जम्मा रकम</td><td>३८३५१६०।००</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><td>३६.<br>३</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु११ करोड ७२ लाख पूँजीगत खर्च गरेको छ । पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>मुल्य अभिबृद्धि कर-:मुल्य अभिवृद्धी कर नियमावली २०५३ को नियम ६ग मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वमित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत वस्तु वा सेवा आपूर्ति गरी सो वापतको रकम आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भक्तानी गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले देहाय बमोजिमका आपुर्तकलाई बिभिन्न सामाग्री उपलब्ध गराए बापत खरिद सम्झौता अनुसारको रकम भुक्तानी गर्दा ३० प्रतिशत मुल्य अभिवृद्धी कर कट्टी नगरी पुरै भुक्तानी गरेको हुँदा मुल्य अभिवृद्धी कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><td>भौ.नं. मिति</td><td>विवरण</td><td>आपूर्ति</td><td>भुक्तानी</td><td>३०% मु अ कर</td></tr>
<tr><td>९६/०७९/२/२५</td><td>न्यानो झोला</td><td>एन्जल ट्रेड लिंक</td><td>३,९९,५८६/-</td><td>१३७९१/-</td></tr>
<tr><td>१५७/०७९/३/२५</td><td>न्यानो झोला</td><td>एन्जल ट्रेड लिंक</td><td>१,९९,७८४/-</td><td>६८५२/-</td></tr>
<tr><td>१५७/०७९/३/२५</td><td>कम्प्युटर प्रिन्टर</td><td>एस कम्प्युटर्स एण्ड सपलायर्स</td><td>३,६१,०३५ /-</td><td>१२४६०/-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td>३३०७२/-</td></tr>
</table></td><td>३३,१०३</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>स्वास्थ्यतर्फ</td><td></td></tr>
<tr><td>३८.<br>१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाले तिन वटा खुला कोटेशन माग गरी औषधि सोझै खरिद गरेको छ । केहि उदाहरण निम्न छन् । यस्तो खरिद कार्य गर्दा प्रतिष्पर्धात्मक विधि अवलम्वन गर्नुपर्दछ ।
<table>
<tr><td>गो भौ नं</td><td>विवरण</td><td>फर्म वा संस्था</td><td>रकम</td></tr>
<tr><td>१९।१०।२४ सशर्त चालु</td><td>विभिन्न औषधि</td><td>मेडिएड सर्जिकेन एण्ड सप्लायर्स</td><td>१९६३२०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>विभिन्न औषधि</td><td>सुभेक्षा फार्मेसि</td><td>४९९४५५</td></tr>
<tr><td>९५।२।२५ सशर्त चालु</td><td>विभिन्न औषधि</td><td>सुभेक्षा फार्मेसि</td><td>२९०९४०</td></tr>
<tr><td></td><td>विभिन्न औषधि</td><td>अभिसेक फर्मा</td><td>२१४९४५</td></tr>
<tr><td>१५७।३।२५ सशर्त चालु</td><td>विभिन्न औषधि</td><td>अभिसेक फर्मा</td><td>१९९९९८</td></tr>
<tr><td>२२३।३।१९ गा पा चालु</td><td>विभिन्न औषधि</td><td>अभिसेक फर्मा</td><td>८२६०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२२२७६५८</td></tr>
</table>
<ul>
<li>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।</li>
<li>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।</li>
<li>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</li>
<li>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।</li>
<li>औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</li>
</ul>
</td><td></td></tr>
<tr><td>३८.२</td><td></td><td></td><td>कोभिड १९ को महामारीवाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ६(६) मा लाभग्राहिको अन्तिम सुचि स्विकृत भएको तिन दिनभित्र लाभग्राहि निवेदकको वैंक खातामा रकम जम्मा हुनेगरी स्थानिय तहहरुले प्रतिपरिवार दश हजार रुपैयाँका दरले नगद हस्तान्तरण गर्ने उल्लेख छ । तर पालिकाले कोभीड प्रभावित समुदायका लागि २५१ जनाको लागि जम्मा २५१०००० बजेट प्राप्त भएकोमा वडा सचिव मार्फत् पेश्कि भुक्तानि गरी नगदै वितरण भएको छ । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३८.३</td><td>६८</td><td>२०७९-१-२१</td><td>ढुवानी भाडाः भौ .नं. ६८/२०७९/१/२१ मानव विकास सुचकांकमा पछाडी परेका लाई जीविकोपार्जन सुधार कार्यक्रम अन्तरगत गाउँ कार्यपालिकाको मिति २०७८/९/२१ को निर्णय अनुसार यस गाउँपालिका भित्र कोभिड -१९ का कारण ले मृत्य भएका परिवारका</td><td>२०,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सदस्यलाई बाखा पालन व्यवसाय गर्न रकम उपलब्ध गराउने निर्णय भए अनुसार वडा नं.२ प्रकाश बाखा पालन व्यवसाय का प्रकाश बोहरालाई खोर निर्माण एवं बाखा खरिदका लागि रु.२००,०००/-उपलब्ध गराएको छ। उक्त रकम मध्ये सुर्मा गा .पा.वडा नं.३ स्थित नौनी विनायक कृषि तथा पशुपंक्षी फर्म बाट रु.१,५०,०००/-का १५ वटा बाखा खरिद गरेको बिल पेश गरेकोमा बाखा ढुवानी गरेको भनि रु.२०,०००/- धनगढीदेखि बझाङ्ग सम्म को ढुवानी भाडा दावी गरेको देखिन्छ । यसरी सुर्मा गा.पा.कै वडा नं.३ बाट बाखा खरिद गरेको देखिएको हुँदा धनगढी देखिको ढुवानी खर्च दिन मिल्ने नदेखिएको हुँदा उक्त रकम असूल हुनु पर्ने रु | |
| ३८.४ | १५६ | २०७९-३-२५ | बढी भुक्तानीःभौ.नं. १५६/२०७९/३/२५ आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रम संचालन गरे वापत श्री शिबराज बोहराले पेश गरेका बिल भरपाई संलग्न गरी रु.३,४४,०००/- भुक्तानी गरेको छ ।उक्त रकम मध्ये महिला स्वयं सेविकाहरुलाई पोषणमैत्री सम्बन्धि २ दिने अभिमुखीकरण कार्यक्रमको खर्च भनि रु.५५,५००/- खर्च लेखेको छ ।सलंग्न कागजात परिक्षण गर्दा उक्त कार्यक्रम मिति २०७९/०३/११ मा दौलिचौरमा १ दिने मात्र भएको उक्त दिनको माइन्युट तथा व्यानर बाट देखिएको हुँदा खर्च दावी गरेको ५५,५००/- मध्ये रु.२७,७५०/- बढी भुक्तानी भएको देखिन्छ ।त्यसै गरि व्यक्तिगत प्रयोजनमा खर्च भएका रिचार्ज कार्ड रु.२०,०००/-समेत संचारखर्चमा दावी गरेको हुँदा उक्त दुवै गरी रु.४७,७५०/- असुल गरी दाखिला गर्नुपर्ने रु | ४७,७५० |
| ३८.५ | ९३ | २०७९-२-२४ | बहुक्षेत्रिय पोषण कार्यक्रमः भौ.नं. ९३/०७९/२/२४ पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न मितिमा स्वास्थ्य कार्यालयबाट विभिन्न स्वास्थ्य चौकीहरु मा औषधी ढुवानी एवं अन्य खरिद गरिएका सामान समेत ढुवानी गरेको जनाई गाडी चालक सन्तोष बहादुर बोहरालाई रु.४०,०००/-भुक्तानी गरेको छ ।तर स्वास्थ्य कार्यालय बाट के कति औषधी हस्तान्तरण भएको हो र अन्य के के समान खरिद गरी ढुवानी गरेको हो सो खुल्ने विवरण पेश नभएको हुँदा उक्त दुवानी खर्चको पुष्ट्याई हुन नसकेकोले पुष्ट्याई हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु | ४०,००० |
| ३९ | | | **शिक्षा तर्फ** | |
| ३९.१ | | | स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २१ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी मध्ये ८१ जना करारमा राखि कार्यसञ्चालन गरेको एवं विद्यार्थीको संख्या ४२२१ रहेको देखिन्छ । | |
| ३९.२ | | | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्विकृत दरवन्दिका शिक्षकको तलव सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । वित्तिय समानिकरण अनुदानको रकमवाट विद्यालयलाई शिक्षकको तलव भत्ताको लागी अनुदान दिन मिल्ने व्यवस्था देखिदैन । पालिकाले स्वीकृत दरबन्दी भित्र नपरेका एवं विद्यालयले गत विगत देखिनै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु ८५३५००० तलब भत्ता भुक्तानी गरेको नियमसंमत नदेखिएको रु | ८,५३५,००० |

<table>
<tr><td>३९.३</td><td>८०</td><td>२०७९-२-२३</td><td>पाठ्यपुस्तकःभौ.नं.८०/२०७९/२/२३ पालिकाले विद्यालयहरुलाई पाठ्यपुस्तक वापत को रकम निकासा गर्दा विद्यार्थी संख्याका आधारमा पाठ्यक्रम विकास केन्द्र बाट प्रकाशित मूल्य सूची अनुसार हिसाब गरी निककासा गर्नुपर्दछ ।पालिकाले देहाय बमोजिमका विद्यालयलाई पाठ्यपुस्तकको रकम निकासा गर्दा इमिस रिपोर्टमा उल्लेखित भन्दा बढी संख्यामा पाठ्यपुस्तकको रकम निकासा गरेको हुँदा उक्त रकम असुल हुनु पर्ने रु.<br>
<table>
<tr><td>सि.नं.</td><td>विद्यालयको नाम</td><td>विवरण</td><td>बढी निकासा</td></tr>
<tr><td>१</td><td>आधा बगर मा. बि. गजौन</td><td>कक्षा ४ मा २५ ,कक्षा ७ मा ३० कक्षा ८ मा २६ र कक्षा ९ मा ३४ विद्यार्थी रहेकोमा क्रमशः ३४,४०,४० र ४० को निकासा गएको</td><td>२८२४०/-</td></tr>
<tr><td>२</td><td>सुर्मा मा.बि. ठकुन्नाडा</td><td>कक्षा २ मा ३० विद्यार्थी रहेको मा ४० विद्यार्थीको निकासा गएको</td><td>११,१३६ /-</td></tr>
<tr><td>३</td><td>दौलिचौर मा. बि. दौलिचौर</td><td>कक्षा २ मा २६ र कक्षा ११ मा शून्य विद्यार्थी रहेकोमा क्रमसः ३० र ३५ को निकासा गरेको</td><td>११,६९८ /-</td></tr>
<tr><td colspan="3">जम्मा रु.</td><td>५१,०७४/-</td></tr>
</table></td><td>५१,०७४</td></tr>
<tr><td>३९.४</td><td>८२</td><td>२०७९-२-१३</td><td>विज्ञान प्रयोगशाला तथा ICT ल्याबःभौ.नं.८२ /२०७९/२/१३ विद्यलयहरुलाई अनुदान रकम निकासा गर्दा कार्यक्रम कार्यन्वयन पुस्तिका एवं सम्झौताका शर्त बमोजिम निकासा गर्नु पर्दछ ।पालिकाले देहाय बमोजिमका विद्यालयहरुलाई अनुदान निकासा गरेकोमा खरिद गरिएका सामानहरुको विल,भरपाई,जिन्सी खातामा दाखिला,विद्यालय व्यवस्थापन समितिबाट काम सम्पन्न भएको भन्ने निर्णय एवं पालिकाको शिक्षा ,युवा तथा खेलकुद शाखा बाट विद्यालय अनुगमन गरी तोकिए बमोजिम विज्ञान प्रयोगशाला तथा ICT ल्याब स्थापना भएको अनुगमन प्रतिवेदन पेश नभएको हुँदा सो बमोजिम कागजात सहित अनुगमन प्रतिवेदन पेश हुनु पर्ने रु<br>
<table>
<tr><td>क्र.सं.</td><td>विद्यालय को नाम</td><td>वितरण</td><td>अनुदान रकम</td></tr>
<tr><td>१</td><td>दौलिचौर मा बि दौलिचौर</td><td>विज्ञान प्रयोगशाला स्थापना</td><td>६,५०,०००/-</td></tr>
<tr><td>२</td><td>धौलदेव नि. मा. वि. सैनागाउँ</td><td>ICT ल्याब स्थापना</td><td>६,५०,०००/-</td></tr>
</table></td><td>१,३००,००० </td></tr>
<tr><td>३९.५</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम भौतिक निर्माण तथा ल्याव स्थापनाको लागि वैकमार्फत् विद्यालयलाई भवन निर्माण तथा आई सि टि भवन लगायतका लागि निम्नानुसारमा भुक्तानी भएको छ । पालिकाले प्रथम किस्ता वापतको पेश्की फछ्र्यौट् नगरी सो निकासा गएका विद्यालयको खाता रोक्का गरी दोश्रो किस्ता वापत पेश्की निकासा गरेको जनाएको छ । छनौट भएका विद्यालयको लागि सुचक अनुसारमा व्यवस्थापन</td><td>९,०००,०००</td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>अनुदान भुक्तानी गरेकोमा निम्नानुसारका विद्धालयवाट विल भरपाई, निर्णय खर्च, सामाजिक तथा लेखापरीक्षण प्रतिवेदन र अनुदान उपयोग सम्वन्धमा अनुगमन प्रतिवेदन समेत पेश हुनुपर्ने रु
<table>
<tr><td>विद्यालयको नाम</td><td>जम्मा रकम</td></tr>
<tr><td>दलित आधारभुत विद्यालय</td><td>३६०००००</td></tr>
<tr><td>धौल्देउ नि मा वि</td><td>३६०००००</td></tr>
<tr><td>नमुना वालविकास प्रा वि</td><td>१८०००००</td></tr>
<tr><td>जम्मा</td><td>९००००००</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>३९.<br>६</td>
<td>७७</td>
<td>२०७९<br>-२-११</td>
<td>सेनीटरी प्याड खरिदःसार्वजनिक ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने व्यवस्था छ ।त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा बीस लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान वा जुनसुकै सेवा सिलवन्दी दरभाउपत्र आब्हान गरी खरिद गर्न सकिने तथा नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट रु पाँच लाख भन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने व्यवस्था छ।पालिकाले भौ.नं.७७/०७९/२/११ बाट आर्थिक बर्ष को अन्त्यमा खुला कोटेसन को माध्यामबाट मारुती सर्जिकल एण्ड सप्लायर्ससंग रु.५,९९,८९४/-मूल्यका १२००० प्याकेट सेनीटरी प्याड खरिद गरी विभिन्न ५ वटा माध्यामिक विद्यालय लाई वितरण गरेको भरपाई पेश भएको छ ।बुझाएको भरपाईमा विद्यालयले छाप लगाई प्रमाणित गरेको छैन ।यस्तो खरिद कार्य गर्दा विगतको मौज्दात एकिन गरी आवश्यकता आधारमा समयमै प्रतिस्पर्धात्मक विधि अवलम्बन गरि खरिद गर्ने तथा समयमै वितरण गरेको प्रमाणित अभिलेख व्यवस्थित गर्नु पर्ने देखिन्छ ।</td>
<td></td>
</tr>
<tr>
<td>३९.<br>७</td>
<td></td>
<td></td>
<td>बढी ग्रेड भुक्तानी विद्यालयका शिक्षकहरुको तलव निकासा गर्दा विद्यालय शिक्षक किताबखानाबाट पारित तलवी प्रतिवेदन अनुसार निकासा गर्नु पर्दछ । देहाय बमोजिमका शिक्षकहरुको तलव भत्ता निकासा गर्दा शिक्षक किताबखाना बाट पारित ग्रेड भन्दा बढी हुनेगरी ग्रेड रकम निकासा गरेको हुँदा क. सं. कोष थप र चाडपर्व खर्च समेतको हुने वढी ग्रेड रकम असुल हनुपर्ने रु
<table>
<tr><td>सि.नं.</td><td>विद्यालयको नाम</td><td>शिक्षक को नाम</td><td>पारित ग्रेड</td><td>भुकानी ग्रेड</td><td>बढी भुक्तानी</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>सुर्मा मा. वि. थाकुन्नाडा</td><td>नि.मा.बि. तृ. मधुसुदन भट्ट</td><td>३</td><td>४</td><td>९८६९</td><td>प्रथम चौमासिक</td></tr>
<tr><td>२</td><td>आधारभूत प्रा.वि. गजौन</td><td>प्रा.वि.तृ.चन्द्रा कुमारी उपाध्यक्ष</td><td>६</td><td>७</td><td>५१५२</td><td>प्रथम चौमासिक</td></tr>
<tr><td>३</td><td>इश्वर मा. वि. भजनपाटा</td><td>प्रा.वि.तृ. धन बहादुर बम्म</td><td>६</td><td>८</td><td>९३४९</td><td>प्रथम चौमासिक</td></tr>
</table>
</td>
<td>५९,०४४</td>
</tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | हिमालय प्रा.वि. खौला | प्रा.वि.तृ. गणेश बहादुर ऐडी | ६ | ८ | ९३४९ | प्रथम चौमासिक |
| ५ | कृष्ण प्रा.वि.काटै | प्रा.वि.तृ. कृष्ण बहादुर बोहरा | ६ | ७ | ५१५२ | प्रथम चौमासिक |
| ६ | कृष्ण प्रा.वि.काटै | प्रा.वि.तृ. जयराज चलाउने | १ | २ | ५१५२ | प्रथम चौमासिक |
| ७ | दौलिचौर मा.वि.दौलीचौर | प्रा.वि.तृ. कलक ब.जेठारा | ६ | ७ | ५१५२ | प्रथम चौमासिक |
| ८ | अधाबर मा. वि. डोगडी | प्रा.वि.द्वी. गणेश प्र. कोइराला | ६ | ८ | ९८६९ | प्रथम चौमासिक |
| जम्मा | | | | | ५९,०४४ | |

४०

**प्रधानमन्त्री रोजगार कार्यक्रम** -स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एव सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा गोरेटो, घोरेटो र पखाल निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २३५ जनालाई रोजगारी उपलब्ध गराई रु. १०४६१९४१।०० खर्च गरेको जनाएको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। यस सम्बन्धमा पालिकाले निम्नानुसार काम भएको जनाएको छ ।

| सि नं | आयोजनाको नाम | रोजगार संख्या | कुल खर्च रकम | तलबमा खर्च रकम | | |
|---|---|---|---|---|---|---|
| १ | तर्सीनि रोड वाल निर्माण | | ९९३९४ | ९९०६४० | | |
| | | २ | | | | |
| २ | शिया देवि मन्दिर निर्माण | ४ | १९८७७८ | | | |
| ३ | गाँउदेखि धौल्देउ मन्दिर सम्म गोरेटो बाटो निर्माण | २३ | १२८७८८ | | | |
| ४ | गाँउ खानेपानी पाइपलाइन खोदान | ४ | १९८७८८ | | | |
| ५ | श्री सैनगाउ देखि धौलदेउ निमावि गोरेटो बाटो | ९ | ५१४१०७ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | दलित आधारभुत प्रा वि घेरवार | ८ | ३९५२९१ | | | |
| ७ | २ न वडा कार्यालय भवन | २४ | १३७०९५२ | | | |
| ८ | बाँठपाली मन्दिर घेरवार गुरेना | ६ | २९६६६८ | | | |
| ९ | घँगाडा मन्डोग्डी बाटो निर्माण | ६ | २९७०३९ | | | |
| १० | परिकाट्ने बस्ति वाल निर्माण | ५ | २३४२०४ | | | |
| ११ | सुर्मा देवि मन्दिर घोगाडा | ६ | २९७०३९ | | | |
| १२ | मेलि बाटो निर्माण | २ | ९८८२२ | | | |
| १३ | परिकाट्ने खापा मर्मत | ३ | १२८५२६ | | | |
| १४ | विछाडा देखि भुरा सम्म बाटो | ३ | १४७३७७ | | | |
| १५ | चौड देखि गाँउ सम्म वाल निर्माण | ४ | २२७३४९ | | | |
| १६ | नाउला देखि विछाडा सम्म सडक मर्मत | ४ | १९८२१६ | | | |
| १७ | स्वास्थ्य बाटो घेरवार | ४ | २२८४९२ | | | |
| १८ | विछँडा बस्ति सोलिङ्ग बाटो निर्माण | १४ | १९८२१६ | | | |
| १९ | गजना बाटो निर्माण | २ | ९८८२२ | | | |
| २० | वडा कार्यालय भवन साझेदारी | १७ | ९४६५२८ | | | |
| २१ | ४ न वडाको सडक फिलिङ्ग वाल | १८ | ८७५६९५ | | | |
| २२ | पुल देखि भेरा सम्म गोरेटो बाटव निर्माण | ७ | ३९५८६२ | | | |
| २३ | जुकेना बाटो मर्मत | २ | १३३०९६ | | | |
| २४ | वाल्लाग मन्दिर मर्मत | २ | ९८८२२ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २५ | पुदाल्देव मन्दिर निर्माण | २ | ९८२५१ | | | |
| २६ | चाँदेशिखर प्रावि फिल्ड मर्मत | ४ | २०१०७२ | | | |
| २७ | भैतिगाड क्रियाघर | २ | ९८२५१ | | | |
| २८ | विनायक मन्दिर निर्माण | ३ | ९८८२२ | | | |
| २९ | गेपेवान मन्दिर घेरवार | ४ | १६७९४१ | | | |
| ३० | शिवजि मन्दिर निर्माण | २ | ९८८२२ | | | |
| ३१ | गैरिगाँउ देखि चौउकी खापा मर्मत | ८ | ३९५८६२ | | | |
| ३२ | भुमिदेव मन्दिर मर्मत | ८ | ३९५८६२ | | | |
| ३३ | गोतन्न नाउलि बाटो निर्माण | ५ | १९४२१८ | | | |
| ३४ | कालीमाटी मसानि पुज्ना मन्दिर मर्मत | ३ | १०२८२१ | | | |
| ३५ | पाल्तदेखि डाडामाडु सम्म वाल निर्माण | २ | १०२८२१ | | | |
| ३६ | धल्देउ मन्दिर घेरवार | ७ | ३९९८६१ | | | |
| ३७ | ठुलाइर्ज देखिलिगुडि पातल बाटो | ३ | १४७९४८ | | | |
| ३८ | लवाचौर मन्दिर घेरवार | ३ | १५२५१८ | | | |
| | जम्मा | २३५ | १०४६१९४१ | | | |

| | | | | |
|---|---|---|---|---|
| ४१ | | | **कृषि कार्यक्रम तर्फ** | |
| ४१.१ | ११६ | २०७९-१-२१ | **पूजिगत -** सुर्मा फलफुल कृषक समुहले स्याउको वोट १५०० थान नास्पातिको वोट १२०० थान र आरुवखेडा१२०० थान खरिद गरि विलको भुक्तानि लिएकोमा जम्मा स्याउको वोट १५०० थान नास्पातिको वोट११०० र आरुवखेडा ११३० वटाको मात्र वितरण गरेको भरपाई पेश भएको छ । वितरणको प्रमाण उल्लेख नभएका नास्पाति १०० र अरुवखेडा ७० वटा को मुल्य जम्मा रु११९००।०० को भरपाई पेश नभएकोले सुर्मा फलफुल कृषक समुहवाट वितरण भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु११९०० | ११,९०० |

| | | | | |
|---|---|---|---|---|
| ४१.२ | ६७ | २०७९-१-२१ | **हिउँदे फलफुल बगैचा स्थापन**:-हिउँदे फलफुल बगैचा स्थापना का लागी ७५ प्रतिशत मूल्य अनुदान मा विरुवा विक्री वितरण कार्यक्रम अन्तर्गत स्याउ तथा टर्की ओखर विरुवा खरिद गरी वितरण गरेका विल ,भरपाई का आधारमा नि .प्र.प्र.अधिकृत चक्र प्रसाद जोशी लाई रु ३,९२,९२०/- भुक्तानी गरेको छ ।विरुवा खरिद को ७५प्रतिशतले हुने मुल्य,प्याकिङ्ग चार्ज,ढुवानी भाडा एवं विरुवा खरिद गर्न जाँदाको अनुगमन मूल्यांकन खर्च समेत को जम्मा हुने रु.३,३५,१७०/-मात्र कार्यालय बाट भुक्तानी गर्नु पर्ने र बाँकि कृषकको अनुदान रहनेमा कार्यालयबाट रु.३,९२,९२०/-भुक्तानी गरेको हुँदा बढी भुक्तानी रु.५७,७५०/- असूल हुनु पर्ने रु | ५७,७५० |
| ४१.३ | | | **बिल भरपाईः**आर्थिक कार्यविधि तथा वित्तिय उत्तर दायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि आवश्यक विल भर्पाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले देहाय बमोजिमका कृषि फर्म तथा समूह लाई आलुवाली को साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तर्गत आलुवाली सम्बन्धि अभिमुखीकरण एवं आलु खेतिका लागि गरेको विभिन्न खर्च मध्ये रकम वितरण भरपाई संलग्न नगरी खर्च भएको सार्वजनिक सुनुवाई लगायत का विवरण मात्र पेश भएको हुँदा उक्त खर्च पुष्टयाई हुन नसकेकोले सो रकम असूल हुनु पर्ने रु. | ६८,००० |

| भौ .नं.मिति | वितरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ६३/०७९/१/१९ | प्रशिक्षक भत्ता रु.४०००/- तथा मल खरिद एवं ढुवानी खर्च रु.३००००/-को बिल भरपाई सहितको खर्च पुष्टि नभएको | एवल बहुउद्येशीयम कृषि तथा पशुपंक्षी फर्म | ३४०००/- |
| ६४/०७९/१/१९ | प्रशिक्षकभत्ता रु.४०००/- तथा मल खरिद एवं ढुवानी खर्च रु.३००००/-को बिल भरपाई सहितको खर्च पुष्टि नभएको | लांगादेव कृषक समुह | ३४,०००/- |

| | | | | |
|---|---|---|---|---|
| ४२ | | | **रसीद नियन्त्रण खाता**-पालिकाले राजश्व असुलीमा प्रयोगहुने रसिदको दुरुपयोग हुन नदिन रसिद नियन्त्रण खाता ( म.ले.प.फ.न ९०४) तयार गरी राख्नु पर्नेमा सो वमोजिम रसिद नियन्त्रण खाता राखेको छैन । जसबाट पालिकासँग रहेको विगतको वाँकी नगदी रसिद,यस वर्ष छपाई भएका रसिद तथा यस वर्ष विभिन्न वडा तथा पालिकाको राजस्व शाखालाई उपलव्ध गराएको रसिद के कति संख्यामा रहेका थिए यकिन गर्न नसकिएको हुँदा रसिदको प्रयोगबाट उठेकोराजस्व यकिन गर्न सकिएन । यस सम्बन्धमा पालिकाले सवै वडा तथापालिकाको राजस्व शाखामा वास्तविक रुपमा प्रयोग भएका रसिदहरु यकिन गरीराजस्व आम्दानी सम्वन्धमा सुनिश्चित हुनुपर्दछ । | |
| ४३ | | | **कर तथा राजस्व**-स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५५,५७,५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर,घरजग्गा वहाल कर,व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | ० | ० |
| सिफारिश दस्तुर | १०००००० | ५५८४५६ | ५५।८४ प्रतिशत |
| व्यवसाय कर | ० | ० | |
| अन्य दस्तुर | ० | ० | ० |
| जम्मा | १०००००० | ५५८४५६ | ५५।८४ प्रतिशत |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

४४ **सामाजिक सुरक्षा तथा जेष्ठनागरिक सम्मान कार्यक्रम**

४४.१ **सामाजिक सुरक्षा खर्चः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ.व. २०७८/७९ मा यस गाउँपालीकाका ५ वटा वडाको लागि सामाजिक सुरक्षा भत्ता बापत रु.३३७७२०५६।०० खर्च भएको देखिन्छ । यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ ।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुदाँ नं १५ मा सामाजिक भत्ता आर्थिक वर्षको प्रत्येक चौमासिकको अन्तसम्ममा वितरण गरिसक्ने उल्लेख छ । पालिकाले लाभग्राहिको सवै किस्ता एभरेष्ट वैक सुर्मा बझाङ्ग शाखा मार्फत् बैंक खाता खोलि वितरण हुने गरी वैकलाई निम्नानुसारमा निकासा दिएको छ । कार्यविधिमा व्यवस्था भएअनुसार तोकीएको चौमासिकमा लाभग्राहिको खातामा रकम जम्मा गर्नुपर्दछ ।

| किस्ता | प्रथम किस्ता | दोश्रो किस्ता | तेश्रो किस्ता | चौथो किस्ता | जम्मा |
|---|---|---|---|---|---|
| भुक्तानि रकम | ८७१८८८० | ८३५७८५८ | ८४९२९७७ | ८५०२३४१ | ३३७७२०५६ |
| वैकमा निकासा मिति | २०७८।८।७ | २०७८।११।९ | २०७९।२।११ | २०७९।३।२३ | |

| | | | | |
|---|---|---|---|---|
| ४४.२ | | | प्रथम दोश्रो र तेश्रो किस्ता वापतको सामाजिक सुरक्षा भत्ता वितरणको लागि वैकलाई निकासा दिएकोमा सो रकम रु२५५६९७१५।०० को वैकवाट लाभग्राहिको खातामा जम्मा गरेको फाँटवारी पेश भएको र वितरण सम्वन्धमा पालिकाले नियमित अनुगमन तथा भुक्तानिको स्थिति र रकम यकिन गरेको पाईएन । सम्वन्धित लाभग्रहिले पाएको रकम र निकासा मध्ये खर्च तथा वाँकी रकम पालिकाले यकिन गर्नुपर्दछ । भत्ता वितरणका लागी वैकलाई निकासा रु३३७७२०५६।०० भएकोमा लाभग्राहिको खातामा जम्मा भई वाँकि रकम लाभग्राहिको खातामा जम्मा रु४४१७४१३।६५ रहेको तथा एक पटक पनि भत्ता वुझ्न नआएका लाभग्रहिको संख्या ५०१ को रकम रु ३११५९१७।०० वाँकि रहेकोमा खातामा वितरण गरेकोमा रु ४४१७४१३।६५ बुझ्न नआएको फाँटवारी पेश भएको छ । लामो समयदेखी यति धेरै संख्यामा भत्ता वुझ्न नआएकाहरुको लगत अद्यावधिक गरी भत्ता पाए नपाएको यकिन हुनुपर्दछ । | |
| ४४.३ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चासलन कार्यविधि २०७५ को दफा १० र ११ अनुसार स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित मुल अभिलेख अद्यावधिक गरी वडा कार्यालय अनुसार तयार गर्ने र केन्द्रिय पञ्जिशकरण विभागले सञ्चायलनमा ल्याएको व्यवस्थापन सुचना प्रणाली एम. आइ .एस मा प्रविष्ट गरी प्रणालीबाट प्राप्त भए बमोजिमको परिचय पत्र लाभग्राहीले भत्ता पाउन सुरु गर्ने चौमासिक भन्दा अघिल्लो चौमासिक सम्ममा उपलब्ध गराइसक्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले निर्देशिका अनुसार मुल अभिलेख परिचयपत्र तथा एम. आइ .एस प्रविष्टी गरेको भएतापनि सो को अधावधिक अभिलेख तयार गरेको देखिएन । | |
| ४४.४ | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि,२०७५ अनुसार गाउँपालीकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालीकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन । गाँउपालिकाले यस तर्फ ध्यान दिई वास्तविक लाभग्राहीको अभिलेख अध्यावधिक गर्नुपर्दछ । | |
| ४४.५ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ कार्यविधिको बुदा न २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमिसिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनु पर्ने देखिन्छ । | |
| ४५ | | | **सुर्मा गाउँपालिका खेलकुद विकास समिति** -पालिकाले सुर्मा गाउँ पालिका खेलकुद विकास समितिको लागि बार्षिक बजेट रु.१०,००,०००/- विनियोजन गरी देहाय बमोजिमका भौचरबाट पुरै रकम भुक्तानी गरेको छ । उक्त समितिलाई विनियोजन गरेको रकमबाट समितिले के के शिर्षक मा कति खर्च गर्न पाउने भन्ने सम्बन्धमा समितिले पेश गरेको प्रस्तावना एवं पालिका र समितिबीच भएको सम्झौता पेश भएन । उक्त समितिले प्राप्त रकमबाट विभिन्न खेलकुद संचालन, प्रशिक्षक नियुक्ति गरी बार्षिक तलब खर्च, कार्यालय सचिबको तलव खर्च ,बैठक भत्ता लगायतमा खर्च गरेको देखिन्छ ।बैठक भत्ता वापत अध्यक्ष सहित १३ जनालाई रु.१०४,०००/-खर्च लेखेकोमा एकै व्यक्तिको फरक फरक दिनको माइन्युट एवं रकम बुझेको भरपाईमा फरक किसिमको दस्तखत गरेको समेत देखिएको हुँदा समितिलाई भुक्तानी भएको उक्त खर्च रकम नियमानुसारको खर्च भए नभएको एकिन हुन नसकेकोले पालिकाले छानविन गरी यकिन गर्नुपर्ने रु | १,०००,००० |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>भौ.नं.मिति</td><td>भुक्तानी पाउने</td><td>रकम</td></tr>
<tr><td>४५/०७८/९/१२</td><td>सुर्मा गाउँपालिका खेलकुद विकास समिति</td><td>७,३१,७००/-</td></tr>
<tr><td>२४६/०७९/३/२३</td><td>सुर्मा गाउँपालिका खेलकुद विकास समिति</td><td>१,७७,०००/-</td></tr>
<tr><td>२४७/०७९/३/२३</td><td>सुर्मा गाउँपालिका खेलकुद विकास समिति</td><td>९३,१००/-</td></tr>
<tr><td colspan="2">जम्मा रु.</td><td>१०,००,०००/-</td></tr>
</table></td><td></td></tr>
<tr><td>४६</td><td>६८</td><td>२०७८-९-२८</td><td>बैठक भत्ताः भौ.नं. ६८/०७८/९/२८ वडा नं.२ का वडा सचिब हिक्मत बहादुर बलायरले पेश गरेका विल भरपाई संलग्न गरी निजको नाममा गत आ.ब. को मङ्सिर र पौष महिना को बैठक भत्ता भनी रु.२१,१००/- भुक्तानी भएको छ ।गत आ.ब.को यस किसिमको भत्ता दिन मिल्ने कानूनी आधार नभएको हुँदा उक्त रकम असूल हुनु पर्ने रु.</td><td>२१,१००</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय नियमावली,२०७७ को नियम ४७ (४) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । पालिकावाट प्राप्त विवरण अनुसार पेश्की फछ्र्यौट नभई कुनै पनि पेश्कि बाँकी नरहेको विवरण पेश गरेको छ ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>पदमार्ग पहिचान</td><td></td></tr>
<tr><td>४८.१</td><td>२८२</td><td>२०७९-३-२६</td><td>पदमार्गको पहिचान :भौ.नं.२८२/०७९/०३/२६ पालिका ले पर्यटकीय क्षेत्र अध्ययन तथा पदमार्ग पहिचान गर्ने कार्यका लागि दिनेश बहादुर रोकायासंग रु.२०४२४०/-को सम्झौता गरि विविध कार्यक्रम खर्चबाट रु.१,५०,०००/-भुक्तानी गरेको छ ।पर्यटकीय क्षेत्रको अध्ययन तथा पदमार्ग को पहिचान सम्बन्धि कार्य गर्ने सम्बन्धमा सम्झौता गरिएका व्यक्तिसंग भएको कुनै अनुभव एवं विज्ञताको पुष्ट्याइ हुने कुनै प्रमाण पेश भएको छैन ।सुर्मा गाउँपालिकाका विभिन्न वडामा कार्यक्रम संचालन गरेको जनाई प्रशिक्षक भत्ता,गाडी भाडा,सहभागीलाई यातायात खर्च लगायत मा खर्च भएका भरपाई पेश गरे पनि उक्त कार्यक्रम भएको देखिने कुनै पनि कार्यक्रम का फोटोहरु संलग्न नगरेको,पालिकाले उक्त कार्यको अनुगमन नगरेको एवं पर्यटकीय क्षेत्र अध्ययन तथा पदमार्ग पहिचान सम्बन्धि आयोजकको कार्यानुभव प्रमाण पेश नभएकोले उक्त खर्चको पुष्ट्याई नभएको हुँदा भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको रु.</td><td>१५०,०००</td></tr>
<tr><td>४८.२</td><td>२८२</td><td>२०७९-३-२६</td><td>उक्त कार्यक्रममा गाडी भाडा रु.१०,०००/-तथा प्रशिक्षक भत्ता वापत रु.१५,०००/- खर्च लेखेकोमा वहाल कर वापत रु.१०००/-तथा पारिश्रमिक कर रु.२२५०/-समेत रु.३२५०/- कर दाखिला नभएको हुँदा असुल गरी दाखिला गर्नु पर्ने रु.</td><td>३,२५०</td></tr>
<tr><td>४९</td><td>१०५</td><td>२०७८-११-५</td><td>कला संरक्षण भौ नं १०५ /२०७८/११/५ पालिकाले बझाङ्ग जिल्लाको कला संरक्षणका लागि रु.१,५०,०००/- विनियोजन गरि उक्त रकम देउडा गायक उमाशंकर जोशीलाई भुक्तानी गरेको छ ।उक्त रकमबाट निजले निजि एल्बम निकाल्ने प्रयोजनमा खर्च गरेको देखिन्छ</td><td>१५०,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | ।कला सांस्कृतिको सम्बर्धनका लागि कुनै सामूहिक कार्यक्रम वा संस्थाका लागि सम्झौता गरी यस्तो रकम खर्च गर्नुपर्नेमा सम्झौता बेगर व्यक्ति विशेष लाई रकम उपलब्ध गराउने कार्य नियम सम्पन्न नदेखिएको रु. | |
| ५० | १४<br>६ | २०७९<br>-२-१७ | **राजनितिक दलको कार्यालयलाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । राजनितिक दललाई अनुदान उपलब्ध गराउन मिल्ने कानुनि प्रावधान देखिदैन । पालिकाले नेपाली कांग्रेस पार्टिको कार्यालय चैनपुरको गणेशमान सिंह स्मृति भवन मर्मत तथा निर्माणका लागि रु५७६०००।०० भुक्तानि गरेको छ ।यसरी स्पष्ट कानुनि आधार वेगर भुक्तानी दिन मिल्ने नदेखिएको रु | ५७६,००० |
| ५१ | | | वेरुजु संपरीक्षण<br><br>यस वर्ष फछ्र्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौंटको आधार<br>असुली प्रमाण नियमित पेश्की | सम्परीक्षण रु |
|---|---|---|---|---|---|
| १ | ०७५।०७६ | २६ | भ्रमण खर्च | असुलि | ३८४०० |
| २ | ०७५।०७६ | २७ | बढी भुक्तानि | असुलि | ९००० |
| ३ | ०७५।०७६ | २८ | जिप रिजर्भ भाडा | असुलि | ३६००० |
| ४ | ०७५।०७६ | २६.५ | बढी भुक्तानि | असुलि | २९३५ |
| ५ | ०७५।०७६ | २५ | वजेट पेश खर्च | असुलि | ४०००० |
| | ०७७।७८ | ४१ | पारिश्रमिक कर | असुलि | १३०७०० |
| | ०७७।७८ | २५ | समपुरक अनुदान फिर्ता | प्रमाण | ५१२३१४६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | जम्मा | ५३८०१८१ | |